नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**(नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजतप्राप्त संस्था)**

रजिष्टर्ड (केन्द्रीय कार्यालय): काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२, धर्मपथ
पोष्ट वक्स नं.३६, फोन नं. ४२२२३९७/४२३९८८८, फ्याक्स नं. ४२२०४१४
Email: info@nepalbank.com.np, URL: www.nepalbank.com.np

# ५९औं साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/१२ /२७ गते)**

यस बैंकको सञ्चालक समितिको मिति २०७५/१२/१९ गते मंगलबार बसेको ६२ औं बैठकको निर्णय अनुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बैंकको ५९ औं बार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै सभामा उपस्थिति भईदिनुहुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, स्थान र समय :**

**मिति : २०७६ बैशाख २२ गते आइतबार**
**स्थान : नेपाल ए.पि.एफ क्लव, हलचोक, काठमाडौं ।**
**समय : बिहान ११:०० बजे ।**

**२. छलफलका विषयहरु :**

**सामान्य प्रस्तावः**

१. साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिका अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७५/७६ (२०१८/१९) को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

सञ्चालक समितिको आज्ञाले
केशव प्रसाद भण्डारी
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. साधारण सभा प्रयोजनको निमित्त मिति २०७६/१/९ गते शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) गरिनेछ। नेपाल स्टक एक्चेन्ज लिमिटेडमा मिति २०७६/१/८ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन ।

२. सभामा भागलिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लेखित परिचयपत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित बैंकद्वारा जारी गरिएको प्रवेशपत्र साथमा लिई आउनुहुन अनुरोध छ। प्रवेशपत्र प्राप्त नगर्नुभएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण तथा परिचयपत्र खुल्ने कुनै प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभाहुने स्थानमा उपस्थिति भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका उक्त दिन बिहान १०.०० बजे देखि खुल्ला रहनेछ।

४. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पुर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि अर्थात मिति २०७६/०१/१९ का दिन बिहान ११ बजे भित्र बैंकको शेयर रजिष्ट्रारको कार्यालय श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ।

५. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिईयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडी अर्थात मिति २०७६/०१/२० का दिन बिहान ११ बजेभित्र कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा काठमाडौंमा प्राप्त हुने गरी दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिईनेछ।

६. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा संयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ।

८. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीको तर्फबाट शेयरधनीको लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नेछ।

९. संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाका तर्फबाट बैंकको साधारण सभामा उपस्थित हुनको लागि मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रकासाथ प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नु पर्नेछ।

१०. दफा ४ र ५ मा उल्लिखित दिन कुनै सार्वजानिक बिदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त कार्यालय कक्ष खुल्ला रहनेछ।

११. सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम बैंकको "सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका २०७१" बमोजिम बैंकको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा र /वा बैंकको वेबसाइट www.nepalbank.com.np मा प्रकाशन गरिनेछ।

१२. शेयरधनी महानुभावहरुको जानकारीका लागि बैंकको संक्षिप्त आर्थिक बिवरण यसै सूचनासाथ प्रकाशित गरिएको छ। बैंकको संक्षिप्त आर्थिक बिबरणका साथै सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन, वार्षिक साधारण सभामा प्रस्तुत छलफलका विषयहरु सहितको वार्षिक प्रतिवेदन बैंकको यसै जानकारीमा उल्लेखित वेबसाइटमा पनि प्रकाशित गरिनेछ।

१३. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा काठमाडौंमा वा बैंकको केन्द्रिय कार्यालय सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ। साथै बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत हेर्न सकिनेछ।